## कर्णाली प्रदेश विद्यालय तहको सार्वजनिक शिक्षा सुधार सम्बन्धी अवधारणा


***सार***

*प्रदेश सरकारको सहजीकरणमा र स्थानीय तहको नेतृत्वमा शिक्षामा सुधार यस अवधारणाको मूल विषयवस्तु हो । जसअनुसार पठनपाठनको नेतृत्व अगुवा (लिडर) विद्यालयले गर्नेछ भने संघीय सरकारको विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता कार्यक्रमलाई आत्मासाथ गर्ने गरी यो कार्यक्रम अग्रसारित गरिएको छ । विद्यालय व्यवस्थापन समिति र विकास साझेदार लगायत गैरसरकारी क्षैत्रको पनि महत्वपूर्ण भूमिका हुनेछ । कार्यक्रमको केन्द्रविन्दु विद्यार्थीलाई मान्दै* "विद्यार्थीलाई पढ्ने शिक्षक नै असल शिक्षक हुन्" भन्ने अवधारणालई कार्यान्वयनमा ल्याइनेछ ।


### पृष्ठभूमि

विद्यामान नेपालको परिवेशमा सामुदायिक विद्यालयहरुको सुधारका बाधाहरुमध्ये शिक्षक सहयोग कार्यक्रमको अभाव सर्वाधिक महत्वपूर्ण समस्या देखिएको छ । विद्यालयहरु प्रविधि मैत्री नहुँदा बालबालिकहरुले आधुनिक विकसित प्रविधिवाट सिक्न पाउने अवसर पाइरहेको छैनन् । धेरै विद्यालयहरुमा सिकाइको लागि आवश्यक पर्ने न्यूनतम् पूर्वाधार र सिकाइ सामग्री उपलब्ध छैन् । कतिपय विद्यालयहरुमा आवश्यक शिक्षक संख्या अभाव छ । यी र यस प्रकारका समस्याहरु धेरै छन् । त्यसैले अहिले तीनै तहका सरकारको सार्वजनिक शिक्षामा सुधार प्राथमिक्ताको विषय बनेको छ, बन्न पर्ने भएको छ । यस आर्थिक वर्षको कार्यक्रम तथा बजेटमा संघीय सरकारले प्रत्येक स्थानीय तहमा शिक्षक सहयोग कार्यक्रमका लागि उपयोग गर्न सकिने गरी केही रकमा विनियोजन गरेको छ । कर्णाली प्रदेश सरकारले एक जिल्ला एक नमूना विद्यालय भनी रकम विनियोजन गरेको छ साथै सार्वजनिक शिक्षामा सुधार कार्यक्रमको लागि पनि रकम विनियोजन गरेको छ ।

कर्णाली प्रदेश सरकारले शिक्षा निर्देशनालयमा विनियोजन गरेको एक जिल्ला एक नमूना विद्यालय कार्यक्रमको रकम भौतिक पक्षमा मात्र खर्च गर्न सकिने गरी पुँजीगत शीर्षकमा विनियोजन गरिएको छ । यो शीर्षकवाट न्यूनतम पूर्वाधार नभएका विद्यालयहरुमा पूर्वाधार तथा मर्मतसम्भारका लागि खर्च गर्न सकिन्छ । प्रविधि मैत्री विद्यालय बनाउन कम्प्यूटर, इनटरनेट, विज्ञान प्रयोगशाला, प्रजेक्टर, कक्षा कोठा व्यवस्थापनका सामग्री र अन्य शैक्षिक सामग्रीमा किन्न सकिन्छ । जसअनुसार बालमैत्री र प्रविधि मैत्री विद्यालय बनाउन बल पुग्दछ । स्थानीय तहमा संघीय सरकारवाट "विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता निर्देशिका, २०८०"का आधारमा पठनपाठनमा सुधारका लागि खर्च गर्ने गरी उपलब्ध गराइएको रकम शिक्षकलाई सहयोगर्ने विज्ञको व्यवस्था गर्न उपयोग गर्न सकिन्छ । विद्यालयहरु र स्थानीय तहको आँफ्नै स्रोतवाट न्यूनतम शिक्षक अपुग भएका विद्यालयमा सो अभाव व्यवस्थापन गर्न सकिन्छ । सार्वजनिक शिक्षा सुधार कार्यक्रम शीर्षकमा कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा विनियोजन गरिएको रकमवाट शिक्षकहरु र शिक्षक सहयोगी विज्ञहरुको क्षमता विकासमा खर्च गर्न सकिन्छ । शिक्षण सिकाइ

क्रियाकलाममा सुधार तथा शिक्षकको पेशागत क्षमता विकासमा विकासझेदार लगायत गैरसरकारी क्षेत्रले पनि गहिरो चासो देखाइ रहेको सन्दर्भमा त्यस प्रकारका स्रोतहरु उपयोग गर्न सकिने सम्भावना पनि व्यापक छ ।

**समस्याको गहिराइ**

सामान्यतया माध्यमिक विद्यालयहरुले सो विद्यालय नजिकका प्राथमिक र निम्नमाध्यमिक विद्यालयवाट कमजोर विद्यार्थी आउने भएकोले गुणस्तरमा अपेक्षित सुधार गर्न नसकिएको गुनासो गर्ने गरेका छन् । निम्नमाध्यमिक विद्यालय (कक्षा ८ सम्म चलेका आधारभूत विद्यालय)हरुको पनि सोही अनुसारको अन्तरगतका प्रथमिक विद्यालय (कक्षा ५ वा ३ सम्म चलेका आधारभूत विद्यालय)हरुको बारेमा गुनासो सुनिन्छ । कतिपय तल्लो तहको पठानपाठन गरिरहेका विद्यालयहरु माथिल्लो तहका विद्यालय भन्दा राम्रा पनि छन् । तथापि एक अर्कोवाट सिक्ने सिकाउने एकीकृत प्रयास हुन सकेको छैन् । त्यसको समन्वय गरिदिने संयन्त्र पनि कमजोर छ वा छँदैछैन भन्दा हुँदैन् ।

विद्यामान अवस्थामा नेपालको विद्यालय तहको शिक्षाको समग्र परिवेशमा शैक्षिक गुणस्तरको पिरलो चोटिलो छ । समग्र मुलुकको नै विद्यार्थी उपलब्धिको अवस्था कमजोर छ । कर्णाली प्रदेशको अझ कमजोर छ । सार्जनिक विद्यालयहरुमा महिनौं एउटै कक्षामा पढाएका शिक्षकले विद्यार्थीको नाम समेत जान्दैनन् भन्ने गुनासो अभिभावकहरुको पाइन्छ । शिक्षक क्षमता विकास लगायत शैक्षिक समाग्रीको अभावको गुनासो शिक्षकहरुमा छ । सिकाइका लागि न्यूनतम पूर्वाधार समेत नभएको विकराल अवस्था धेरै विद्यालयहरुमा छ । यस अवधारणाका आधारमा विद्यालयको न्यूनतम पूर्वाधार पूरा गर्ने पहिलो प्रयास हुनेछ भने । विद्यार्थी, शिक्षक र अभिभावक बीचको सम्न्ध प्रगाढ बनाइने प्रयास गरिने छ । जस अनुसार “विद्यार्थीलाई पढ्ने शिक्षक नै असल शिक्षक हुन्" भन्ने अवधारणालई कार्यान्वयनमा ल्याइने प्रमुख क्रियाकलाप शिक्षक क्षमाता विकास कार्यक्रममा समावेश गरिने छ । शिक्षक तालिमको शुरु र अन्त्यमा शिक्षक विद्यार्थीलाई सम्बोधन गर्ने सीपमा के कति निपूर्ण भए भन्ने कुराको परीक्षण गरिने छ । जसका लागि विद्यार्थी केन्द्रत साधन (प्रश्नावलीहरु) विकास गरी सोका आधारमा परीक्षण गरिनेछ ।

पठनपाठनमा सुधारको नेतृत्व प्राज्ञिक संस्थाले नै लिन पर्ने मान्यता हुन्छ । यसै कुरालाई मध्यनजर राखी अगुवा विद्यालयको प्रस्तावमा स्थानीय तहको सहयोग र अगुवायी गर्ने प्रतिवद्दताका आधारमा सामजिक विकास मन्त्रालय र शिक्षा निर्देशनालय सहयोगी हुने गरी यो सुधारको अवधारणा समन्वय र सहकार्यमा संचालन गरिदैछ । जसअनुसार जिम्मेवारी स्थानीय तहको हुनेछ । पठनपाठनको अगुवाइ अगुवा विद्यालयले गर्ने छ । प्रदेश सरकारको समाजिक मन्त्रालय, शिक्षा विकास निर्देशनालय र तालिम केन्द्र (मानाव संसाधन विकास केन्द्र)ले आवश्यकता अनुसार सहयोग र सहजीकरण गर्नेछन्, यस कार्यमा गैरसरकारी निकाय समेत सहभागी हुनेछन् ।

यो वर्ष कर्णाली प्रदेशका दशवटै जिल्लाका कम्तिमा एउटा अगुवा विद्यालय र सो अन्तरगतका विद्यालयमा परीक्षण तथा सिकाइ कार्यक्रमको रुपमा संचालन गरिनेछ । सक भर प्रदेशका कम्तिमा एउटा अगुवा विद्यालयमा संचालन गर्ने प्रयास गरिनेछ ।यस वर्षको सिकाइ र अनुभवका आधारमा क्रमश प्रदेशभरनै विस्तार गरिनेछ ।

**विधि /प्रक्रिया र चरणहरु**

१. कार्णाली प्रदेश समाजिक मन्त्रालयवाट यस सम्बन्धी कार्यविधि विकास, स्वीकृत र सार्वजनिक,

२. कर्णाली प्रदेश शिक्षा निर्देशनालयले प्रस्ताव आव्हानका लागि सार्वजनिक सूचना जारी,

३. कर्णाली प्रदेश शिक्षा विकास नेर्देशनालयमा अगुवा विद्यालयहरुले तयार गरेको प्रस्तावमा स्थानीय तहले आफ्नो योजना सहित प्रतिवद्दता सहितको प्रस्तावना पेश ,

४. समाजिक विकास मन्त्रालय, शिक्षा निर्देशनालय, विज्ञहरु र प्रदेश नीति तथा योजना आयोग समेतको संलग्नतामा गठित कार्यदलले प्रस्तावनाहरु अध्ययन गरी उपयुक्त प्रस्तावनाहरुको छनोट,

५. आवश्यकता अनुसार सो कार्यदलले प्रस्तावना प्रस्तुत गर्न लगाई विषयवस्तुमा स्पस्ट हुन सक्ने छ, थप स्पस्ट हुन र प्रतिवद्दताको अवस्था अन्तरभूत गर्न सम्बन्धित विद्यालयहरुका सरोकारवलाहरु र स्थानीय तहमा स्थलगत पउस्थित भई अन्तरक्रिया र छलफल,

६. सोही अनुसार निश्चित मापदण्ड र कार्यविधि पूरा गरी विद्यालयहरु छनोट,

७. छनोट भएका विद्यालयहरुका लागि स्थानीय तहल स्रोत विज्ञको नियुक्ति यथाशिघ्र गर्ने ,

८. स्रोत विज्ञको छनोट निश्चित मापदण्का आधारमा गरिएको हुनुपर्ने,

९. स्रोत विज्ञको शिफारिस र प्रस्तापना समेतका आधारमा स्थानीय तहमा आवश्यक रकमा उपलब्ध गराइने ,

१०.रकमा उपलब्ध गराउदा सामान्यतया पूँजीगत खर्चका लागि मात्र उपलब्ध गराइने र क्षमाता विकासका कार्यक्रमहरु समान्यतया प्रदेश सरकारो जिम्मेवारी हुने ।

**प्रस्तावमा समान्यतया समावेश हुनु पर्ने विषयवस्तु**

१. पेश गरिने प्रस्तावनामा विद्यालयका सरोकारवलाहरु र विद्यालय व्यवस्थापन समितिको प्रतिवद्दता, अभिभावक समेत उपस्थिति रहेको भेलाको प्रतिवद्दता र सम्बन्धित वडाको प्रतिवद्दता स्पस्ट रुपमा आएको हुनु पर्ने,

२. प्रस्ताव पेश गर्ने विद्यालय र अन्तरगतका विद्यलयहरुको अवस्था र अभावको अवस्था स्थलगत सर्वेक्षण गरी स्पस्ट चित्रण गरिएको हुनु पर्ने,

३. एउटा कक्षा पाँच सम्म संचालिन विद्यालयमा समान्य पूर्वाधार र मर्मत, प्रविधि व्यवस्थापन, कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री, आदिका लागि मोटामोटी प्रतिकोठा तीनलाखसम्म रकम खर्च गर्न सकिने अनुमान गरिएको छ,

४. विद्यालयहरुको सेवा क्षेत्रको किटान गरेको हुनु पर्नेछ । सेवा क्षेत्र स्पस्ट नभएको अवस्थामा स्थानीय तहको समेतको संलग्नतामा अभिभावक भेलावाट स्पस्ट गर्न पर्ने ।

५. अगुवा विद्यालयवाट प्रस्तावना पेश गर्दा शिक्षक विदामा वा काजमा वस्दा वा वैठकहरुमा उपस्थित हुँदा वा अन्य कुनै कारणले विद्यालयमा अनुपस्थित हुँदा पठनपाठनको वैकल्पिक व्यवस्था समेत हुने गरी पेश गर्न पर्ने । जसले गर्दा कुनै परिवेशमा विद्यालयमा पठनपाठनमा अवरोध नहुने कुरामा विद्यार्थी र अभिभावक ढुक्क हुनेछन् ,

६. प्रस्तावनामा अगुवा विद्यालय र अन्तरगतका सवै विद्यालयको सेवा क्षेत्र अन्तगतका बालबालिको पठनपाठनमा हुने जोखिम, त्यसको हद र सम्बोधन गर्ने उपाय समेत स्पस्ट गरिएको हुनु पर्ने, यो लगायतका अन्य यससँग सम्बन्धित विषयमा सेभ द चिल्ड्रनको सहयोगमा गुँराश नगरपालिका दैलेख लगायतका स्थानीय तहमा गरिरहेका प्रयासहरु अवलोकन गरी निश्चित धारणाको विकास र सिकाइ गर्ने सकिने ,

७. बुँदा नं ६ का सम्बन्धमा थप स्पस्ट हुन आवश्यक भएमा सेभ द चिल्ड्रनको सुर्खेत कार्यालयमा सम्पर्क गरी आवश्यक सहयोग लिन सकिने ,

८. अगुवा विद्यालयले प्रस्ताव पेश गर्दा विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेको बालबालिका खोज्ने, भर्ना गर्ने, विद्यालयमा टिकाउने र सिकाइ उपलब्धि अभिवृद्दि गर्ने जस्ता कार्यक्रम संचालन भएको स्पस्ट दृष्टिकोण र व्यवहारिक क्रियाकलाप उल्लेख हुनपर्नेछ,

९. स्थानीय तहका सवै बालबालिकाको पठनपाठन सुनिश्चितताका लागि स्थानीय स्वास्थ्य स्वयंसेविका, सामाजिक क्षेत्र र बालअधिकारका क्षेत्रमा काम गर्ने संस्था तथा बालकल्वहरुको समेत परिचालन गर्न सकिने गरी योजना गर्नु पर्ने,

१०. कर्णाली प्रदेश सरकारवाट संचालित समुदाय र विद्यालयमा आधारित कार्यक्रहरु जस्तै छुवाछुत विरुद्दका कार्यक्रम, महिला शसक्तीकरण, सिमान्तकृत समुदाय चेतना कार्यक्रम, प्रदेश प्रमुख समाजिक रुपान्त्रण कार्यक्रम जस्ता कार्यक्रहरुसँग समेत समन्वय र सहकार्य गरी संचालन गरिने गतिविधिलाई प्राथमिक्ता दिइने,

११. संघीय सरकारको विद्यार्थीका लागि दिवाखाजा कार्यक्रमको सिर्जनात्मक, प्रवर्दनात्मक र रचनात्मक प्रयासलाई उच्च प्राथमिक्ता दिइने

१२. शिक्षक क्षमता विकास र प्रधानाध्यापकहरु समेतको क्षमता विकासको स्पस्ट दृष्टिकोण पेश गर्नु पर्ने,

१३. अगुवा विद्यालयसँग प्रविधिमा अन्तरगतका विद्यालयहरु कसरी जोडिने र एक अर्कोमा सिकाइको आदनप्रान हुने सम्मका विषयवस्तु र कार्यक्रम स्पस्टसँग उल्लेख भएको हुनु पर्ने,

१४. प्रदेश सरकार मानव संशाधन केन्द्रमा स्थापना हुँदै गरेको प्रविधिको उपयोग गरी पठनपाठन गर्ने कार्यका लागि सहजीकरण केन्द्रको समेत सहयोग लिने प्राविधिक तमतरिका उल्लेख भएको प्रस्तावनाले प्राथमिक्ता पाउने,

१५. स्थानीय तहले पठनपाठन व्यवस्थापन गर्न विद्यालयहरु गाभ्ने वा विस्तरित विद्यालय कार्यान्वयन गर्ने अवधारणा समेत अग्रसारित गर्न सक्ने,

१६. प्राज्ञिक पक्षको जिम्मेवारी अगुवा विद्यालयको हुने भएता पनि शैक्षणिक स्रोत विज्ञको सुनिश्चितता लगायतका कार्यक्रमको समग्र जिम्मेवारी स्थानीय तहको हुने ।

**शिक्षक सहयोगी विज्ञ (स्रोत विज्ञ)**

शिक्षक सहयोगी विज्ञको छनोटको मापदण्ड सामान्य तया शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गरेको विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता निर्देशिकाका आधारमा हुने भएतापनि “कर्णाली प्रदेश सार्वजनिक शिक्षा सुधार सम्बन्धी (एक जिल्ला एक नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण एवम् शिक्षण सिकाई सुधार र शिक्षकको पेशागत सहयोग) कार्यविधि, २०८०" मूल आधार मन्न पर्ने । कार्यकरार सम्झौता स्थानीय तहले गर्ने । शैक्षणिक स्रोतविज्ञले तपसिलमा उल्लेखित काम समेत गर्नु पर्ने :

क) स्रोत विज्ञले “विद्यार्थीलाई पढ्ने शिक्षक नै असल शिक्षक हुन्" भन्ने अवधारणालई कार्यान्वयनमा ल्याउनु प्रमुख जिम्मेवारी हुनेछ,

ख) निजको प्रशासनिक कार्यमा संलग्नता हुनेछैन्, शुद्द प्राविधिक र प्राज्ञिक कार्यमा मात्र संलग्न भई शिक्षक सहयोगीको रुपमा काम गर्न पर्नेछ,

ग) विज्ञको शिफारिसका आधारमा शैक्षिक सुधारका लागि एक विद्यालयका शिक्षक अर्को विद्यालयमा संलग्न गराउन वा एक विद्यालय र अर्को विद्यालय बीचमा शिक्षकहरु आदनप्रदान समेत गर्न सक्ने गरी आवश्यक व्यवस्था स्थनीय गहले मिलाउने छ,

घ) विज्ञले अनिवार्यरुपमा अगुवा विद्यालयहरु र अन्तरगतका विद्यालयहरु बीचमा कम्तिमा महिनाको एक पटक घुम्ती वैठक राख्न पर्ने

ङ) अन्य काम, कर्तब्य र अधिकार “कर्णाली प्रदेश सार्वजनिक शिक्षा सुधार सम्बन्धी (एक जिल्ला एक नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण एवम् शिक्षण सिकाई सुधार र शिक्षकको पेशागत सहयोग) कार्यविधि, २०८०" मा उल्लेख भए अनुसार हुनेछ ।

**अन्त्यः** यस अवधारणाले नयाँ र गर्दै सिक्दै अर्थात मूल्य थप गर्दै जाने मान्यता अघिसारेको छ । त्यसैले कार्यान्वयनका क्रममा प्राप्त सुझाव, अनुभव र अनुभूतिका आधारमा सार्वजनिक शिक्षाको शिक्षण सिकाइ कार्यमा सुधार गरिदै लगिने छ । पठनपाठनको केन्द्रविन्दु सिकारु (विद्यार्थी) हुने भएतापनि शिक्षकको सवलीकरणलाई मूल आधार मानिने छ । “विद्यार्थीलाई पढ्ने शिक्षक नै असल शिक्षक हुन्" भन्ने अवधारणालई कार्यान्वयनमा ल्याइने छ ।